# 'मधेसतिर' कथामा चार्वाक दर्शन
# (Charvak Philosophy in the Story 'Madheshtira')

सरोज धिताल[१]

*लेखसार*

*मधेसतिर कथामा चार्वाकि दर्शन शीर्षकको यस आलेख पूर्वीय दर्शनअन्तर्गत चार्वाक दर्शनमा आधारित भई तयार गरिएको छ । विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित मधेसतिर कथामा आएका विभिन्न पात्र सुखको खोजीमा मधेसतिर झरेको प्रसङ्ग कथामा प्रस्तुत छ । पूर्वीय दर्शनअन्तर्गत वैदिक र अवैदिक गरी दुई भेद रहेका छन् । पूर्वीय अवैदिक दर्शनमा बौद्ध, जैन र चार्वाक दर्शन पर्दछन् । चार्वाक दर्शनसम्बन्धी विद्वानहरूका परिभाषा, मान्यता र विशेषतालाई यस अध्ययनमा समेटिएको छ । चार्वाक दर्शनले वैदिक षड्दर्शनले राख्ने ईश्वर, आत्मा, पूर्वजन्म, पुनर्जन्मजस्ता मान्यतालाई अस्वीकार गर्दछ । भौतिकवादी दर्शनका रूपमा चिनिने यो दर्शनले राख्ने विभिन्न मान्यताहरूको निरूपण गर्दै मधेसतिर कथाका घटनाक्रम र त्यहाँ उपस्थित भएका विधवा, बूढो, भोटे, गोरे र धनेजस्ता पात्रका कार्यव्यापारहरूलाई चार्वाक मतका दृष्टिकोणबाट विश्लेषण गरिएको छ ।*

**शब्दकुञ्जी** : पूर्वजन्म, पूनर्जन्म, भौतिकवाद, अनीश्वरवाद, लोकायत

## १. विषय परिचय

पूर्वीय दर्शन भन्नाले भारतवर्षमा प्रचलित दर्शन भन्ने बुझिन्छ । दृश् धातुमा अन (ल्युट्) प्रत्यय जोडिएर दर्शन शब्दको व्युत्पन्न भएको हो । दर्शन भन्नाले आत्म दर्शन गर्नु, हेर्नु भन्ने अर्थ लाग्दछ । पूर्वीय मान्यताअनुसार दर्शनका वैदिक र अवैदिक गरी दुई भेद रहेका छन् । वैदिक दर्शन अन्तर्गत साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शन पर्दछन् भने अवैदिक दर्शन अन्तर्गत जैन, चार्वाक र बौद्ध दर्शन पर्दछन् ।

चार्वाक दर्शनलाई लोकायत नामले पनि चिनिन्छ । चार्वाक दर्शनका प्रणेता चार्वाक हुन् । उनकै नामबाट नै दर्शनको नामसमेत प्रचलित छ । चार्वाक दर्शन भौतिकवादी दर्शन हो जसले ईश्वर, आत्मा, परमात्मा, स्वर्ग, नर्क, पुनर्जन्म आदिलाई मान्दैन । यो जीवन बाँचुन्जेल मात्र हो यसपछि यसको अस्तितत्व सकिन्छ । जतिन्जेल बाँचिन्छ, ऐसआरामको जिन्दगीमा बाँच । पुनर्जन्मजस्ता कुराहरू सत्य होइन । पृथ्वी, जल, तेज र वायु आदि चार पदार्थबाट शरीरको निर्माण हुन्छ । मानव र अन्य चराचरहरूको निर्माण गर्ने यिनै चार पदार्थ हुन् । कुनै अदृश्य शक्ति, ईश्वर वा अरु कसैले निर्माण गर्ने होइन भन्ने भौतिकवादी मान्यता चार्वाकवादीहरूको रहेको छ ।

विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) नेपाली साहित्यमा प्रचलित नाम हो । नेपाली राजनीति र नेपाली साहित्यमा उत्तिकै सक्रिय विश्वेश्वरप्रसाद कोइराला नेपाली साहित्यको मनोवैज्ञानिक धाराका जनक र नायक

१ विद्यार्थी, दर्शनाचार्य-विद्यावारिधी तह, त्रिवि, कीर्तिपुर, नेपाल, ईमेलः mitrasaroj143@gmail.com

हुन् । उनी मूलतः उपन्यासकार र कथाकार हुन् । उनका तीन घुम्ति, नरेन्द्र दाइ, सुम्निमा, मोदिआइन, हिटलर र यहुदी र बाबु आमा र छोरा गरी छवटा उपन्यास प्रकाशित छ भने उनको दोषि चस्मा र श्वेतभैरवी गरी दुईवटा कथासङ्ग्रह प्रकाशित छ । यस अध्ययनमा पूर्वीय विद्वानहरूको चार्वाकवादी मान्यताका अधारमा आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित मधेसतिर कथाको विश्लेषण गरिएको छ ।

## २. अध्ययन विधि

यस अध्ययन निर्माणका निम्ति सामग्री सङ्कलन र सामग्री विश्लेषण गरी दुई प्रकारका शोधविधिको प्रयोग गरिएको छ। यस अध्ययनमा प्राथमिक र द्वितीयक दुबै सामग्रीको प्रयोग गरिएको छ। प्राथमिक सामग्रीका रूपमा विश्वेश्वरप्रसाद कोइरालाको मधेसतिर कथालाई लिइएको छ भने पूर्वीय दर्शन र चार्वाक दर्शनसम्बन्धी लेख, रचना र पुस्तकलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । यी सामग्र सङ्कलनका निम्ति मूलतः पुस्तकालय विधिको प्रयोग गरिएको छ ।

## ३. दर्शनको परिचय

विश्व के हो र यो कसरी चल्दछ यो सञ्चालित छ या स्वचालित छ भनेर यसको बारेमा अध्ययन गर्ने भएकोले दर्शन मानिसको विश्व दृष्टिकोण पनि हो । मानिसले जगत् को सृष्टि, स्थिति र विनाशलाई बाहिरी आँखा (चर्म चक्षु) र भित्री (आँखा ज्ञान चक्षु) ले हेर्ने र देख्ने प्रक्रिया र प्रयत्न नै दर्शन हो । दर्शन असाध्यै गहन र सुक्ष्म संज्ञान हो । "दर्शन भनेको कुनै पनि विषयको दृष्टिबोध हो, जो आफ्नो विशिष्ट सिद्धान्त र विधियुक्त हुन्छ" (प्रभात, २०७२, पृ. १३ ) । यसको आयामिक अस्तितत्व र चिन्तन अत्यन्तै फराकिलो र बृहत छ। दर्शनका थुप्रै परिभाषा र चिन्तनहरू छन् । दर्शनका अलग अलग धार र वैचारिकतनहरू छन् । वैचारिक धरातल विश्वास, विज्ञान र तर्कहरू अस्तितत्वमा छन् । मूलतः दर्शनको केन्द्र ईश्वर नै हो । ईश्वर छ या छैन दुई ध्रुर्वमा विभक्त भएर दर्शनको भेद पारख गरिने गर्छ । ईश्वर छ र यो संसारको नियामक ईश्वर हो भन्ने वेद परम्परा र ईश्वर छैन ईश्वर कल्पना र भ्रम हो भन्ने दुई विचार र विवादबाट वैदिक र अवैदिक दर्शनको उदय भएको हो । विश्वमा दर्शनका धेरै रूप शाखा र उपशाखाहरू देखापरेका छन् । कुनै दर्शनले देवता छन् र कुनै दर्शनले देवता छैनन् भनेका छन् । यही आधारमा देवता छन् भन्नेहरू आस्तिक र देवता छैन भनेर यसको अस्तितत्वलाई नकार्नेहरू नास्तिक मानिन्छन् । मूल रूपमा अज्ञात शक्ति ईश्वर, भगवान वा गडद्वारा नै यो संसार संचालित छ भन्ने आध्यात्मिक र ईश्वरद्वारा नभएर केवल प्रकृति र यसका नियमबाट सञ्चालित छन् भन्ने भौतिकवादी चिन्तन नै मूख्य दार्शनिक चिन्तन र पथ हुन् (राई, २०७४, पृ. २६, २७ ) ।

दर्शनलाई भौगोलिक आधारमा पनि पौरस्त्य र पाश्चात्य गरी दुई किसिमबाट हेर्ने परम्परा पनि छ । यद्दपि यसले विचार र दृष्टिकोणलाई नभएर भूगोललाई आधार मानेको छ। दर्शनमा पूर्व तरको वा संस्कृत वाङ्मयतर्फको अर्थमा पौरस्त्य शब्दको प्रयोग भएको छ ।

द्वन्द्वात्मक भौतिकवादी दर्शनका प्रणेता कार्ल मार्क्सले भनेका छन् भन्दै आफ्नो किताब 'नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू'मा लेख्छन् । "हरेक सच्चा दर्शनशास्त्र आफ्नो युगको उच्चतम बौद्धिक सारतत्व हो" (भुसाल २०६८, पृ. १७) ।

भारतीय दर्शनमा अनुभूतिलाई ऐन्द्रिय र अनैन्द्रिय दुई किसिमका मानेका छन् । यीमध्ये अनैन्द्रिय अनुभूतिलाई आध्यात्मिक मानिएको छ। जुन बौद्धिक ज्ञानभन्दा उच्च रहेको छ। पौरस्त्य दर्शनमा दार्शनिकहरूले सांसारिक

दुःखको अन्त्यको बारेमा चिन्तन गरेका छन् र दर्शनको ज्ञानलाई बुद्धि र तार्किताको निम्ति नभएर मोक्षानुभूतिको लागि मानिएको छ। व्यवहारिक आध्यात्मिकता नै भारतीय दर्शनका विशेषता हुन् । पूर्वीय दर्शको इतिहास र परम्परामा पौरस्त्य दर्शनमा देखा परेको एक चिन्तन छ जुन चिन्तनले वेदको स्वीकार्यतालाई मान्दैन। प्रमाणिक कुरामा जोड दिन्छ। तथ्य विश्लेषण गर्छ कथ्य र काल्पनिकतालाई भ्रम भन्छ। पृथ्वी र सृष्टिको उत्पत्तिलाई चार तत्त्वको करामत मान्छ। पृथ्वी, जल, अग्नि र वायुको अस्तितत्त्वलाई मात्र प्रामाणिक सत्यको रूपमा स्वीकार गर्दै पृथ्वी र प्राणीको सृष्टिको आधार यिनै चार तत्त्वमा निर्भर रहेको तर्क गर्छ। भौतिकताको वकालत गर्दै वेदलाई आप्तवाक्य मान्ने मतको खण्डन गर्छ। जसलाई पूर्वीय दर्शन परम्परामा अवैदिक दर्शन वा चार्वाक दर्शन अर्थात् लोकायत पनि कामलाई भनिन्छ। यसले आत्माको क्रीडास्थल यही लोकलाई मान्छ, परलोक नामक काल्पनिक वस्तु वा संसारलाई अस्वीकार गर्छ। शरीर नै आत्मा हो भन्दै मरणलाई नै मुक्ति ठान्छ। कामलाई एक मात्र पुरुषार्थ ठान्ने यो दर्शन कर्मवादी दर्शन हो। पूर्वको भौतिकवादी दर्शन मार्क्सवाद भन्दा धेरै पुरानो र बुद्धभन्दा पनि अघि विकसित भएको यो दर्शन कठोर प्रतिबन्ध निषेध र विरोधका बाबजुत पनि बचेर आज यस दर्शनले स्थापित गरेको मान्यता वैज्ञानिक र धरातलजन्य यथार्थ ज्ञानको दृष्टान्तको निम्ति परिचित छ।

**४. चार्वाक दर्शनको परिचय**

वेदको प्रमाणिकतालाई खण्डन गर्दै ईश्वरवादको विरोध गरेर सुरु भएको दर्शन चार्वाक दर्शन हो। वेदलाई अपौरुषेय मान्ने र वेद वाक्यलाई आदि र अन्त्य सम्झने नास्तिक तर्कको खण्डन गर्दै ब्रह्मसत्य जगत् मिथ्याको विपरित जगत् सत्य ब्रह्म ब्रह्म काल्पनिक भनेर उदाएको दर्शनको नै चार्वाक दर्शन हो। सबै वस्तु चार तत्त्वबाट बनेका छन्, चेतना पदार्थको उपज हो। आत्मा स्वतन्त्र छैन। कर्म फल पाइदैन। श्राद्ध गर्नु पर्दैन (भुसाल, २०६८ पृ. ९१-९२)। चार्वाक दर्शनको उत्पत्ति स्थान र समयको एकिन जानकारी नभए पनि यो सर्वप्राचीन पूर्वीय दर्शनभित्र पर्ने एक लोक दर्शन हो। रामायण, महाभारत जस्ता पूर्वीय धर्मग्रन्थमा अनि बुद्ध दर्शनमा समेत चार्वाक दर्शन र यसको भौतिकवाद अनिश्वरवादको विरोध देखिएकोले यसको प्राचीनतामा शङ्का गर्ने ठाउँ छैन। यसका प्रणेता र समयावधि स्पष्ट नभए पनि लोक विश्वासको पुरानो दर्शन भनेर यसलाई मान्ने आधारहरू प्रष्टै र प्रशस्तै छन्। लोकबाट स्वीकृत र लोकले नै बचाएर राखेको दर्शनको रूपमा यसको नाम लोकायत दर्शन रह्यो (उपाध्याय, २०७०, पृ. ३०६ )।

प्रत्यक्ष प्रमाण, इन्द्रिय अनुभव र भौतिकवादी मान्यताका आधारमा आफ्नो धारणा बनाउने र प्रमाणिक कुरालाई मात्र ध्यान दिने वैज्ञानिक दर्शन नै चार्वाक दर्शन हो। इन्द्रिय प्रत्यक्ष ज्ञान नै सर्वोत्तम ज्ञान हो। यो नै दर्शनको प्रमुख विशेषता हो। ईश्वरको भ्रमबाट मुक्ति र यथार्थ परक वस्तुवादी शैलीमा चार्वाक दर्शन विश्वास गर्दछ। पृथ्वी उत्पत्ति र प्राणी उत्पत्तिमा चार तत्त्व पृथ्वी, जल, अग्नि र वायुको संयोग हो भन्ने विज्ञानपरक मान्यता बोक्ने चार्वाक दर्शन पृथ्वीमा ईश्वर नामक रहस्य नभएको पृथ्वीको उत्पत्ति र विकास प्राणीहरूको जन्म र मृत्यु प्राकृतिक घटनाको रूपमा हुने कुरामा तर्क गर्छ। स्वर्ग, नर्क, पूर्वजन्म, पुनर्जन्म, आत्मा, परमात्मा, पाप धर्म, ईश्वर आदिलाई भ्रम र मिथ्या हो भन्छ।

चार्वाक मतले प्रमाणसिध्द सत्यलाई मात्र मान्छ। वैदिक दर्शनका अनुमान, शब्द आदिलाई निराधार मानी अस्विकार गर्दछ। यस मतका अनुसार इन्द्रिय र अर्थ ( विषय ) को संयोजनबाट उत्पन्न ज्ञानमात्र सत्य हो। रूप, रस, गन्ध र शब्द यी पाँच कुरा इन्द्रिय प्रत्यक्ष हुन् र यिनबाट सिद्ध भएको ज्ञान प्रमाण सिद्ध हुने हुँदा यो मात्र सत्य हो। लोकायत ज्ञानमीमांसा हाम्रा इन्द्रियद्वारा प्रत्यक्षीकृत जगतलाई मात्र सत्य मानी अन्य प्रकारको

ज्ञानलाई असत्य मान्छ। त्यसैले अप्रत्यक्ष प्रमाण, तार्किक रूपमा असिद्ध र तथ्यविहीन आधारमा ज्ञान निर्माण हुन्न भन्ने चार्वाकको मत रहेको छ।

पृथ्वी, जल, अग्नि र वायुलाई चार जगत् तत्त्वका रूपमामा मान्ने चार्वाक तत्त्वमीमांसा आकाशलाई शून्य मान्छ सत्तात्मक पदार्थको रूपमा लिँदैन। चार्वाक मत जीवलाई मात्र तत्त्व मान्छ। जगत् तत्त्वको सम्मिश्रणबाट शरीर वा जीवको उत्पत्ति हुन्छ यही आधारमा जीवित शरीरका अलावा आत्मा भन्ने कुनै तत्त्व छैन। शरीर नाशवान छ र शरीरको नाश हुनासाथ सबै कुराको नाश हुने हुँदा आत्मा तत्त्व काल्पनिक हो। शरीर जीवित हुन्जेल चैतन्य जीवित हुन्छ र अन्न आदिको उपभोगबाट शरीरमा चेतनाको उदय हुन्छ र त्यो नहुँदा यसको ह्रास हुन्छ। ईश्वरीय सत्ता कल्पना मात्र हो र यस जगत् मा ईश्वर नामको कुनै सत्ता छैन।

चार्वाक आचारमीमांसा अनुसार - दृश्यमान जगतका अतिरिक्त कुनै शक्ति र सत्य नहुने हुँदा यसले धर्मलाई अस्विकार गर्छ। यसले पूर्वजन्म र पुनर्जन्मलाई मान्दैन र यस लोकमा सुखमा र कर्ममा जोड दिन्छ।

तपस्या पूजा अनुष्ठान आदि कुरालाई अस्वीकार गर्छ। वैदिक धर्म, पुरोहित्यवाद र मोक्ष जस्ता कुरालाई भ्रमको खेती भन्छ। जीवनको अर्थ लक्ष्य अर्थ र कामलाई मान्छ।

चार्वाक दर्शनमा अनीश्वरवाद - चार्वाक दर्शन अनीश्वरवादी दर्शन भएको हुनाले यसले ईश्वरको अस्तितत्त्वलाई नकार्छ। यो लोक भन्दा पर अर्को लोक र यो जुनी भन्दा अर्को जुनी न हिजो थियो न भोलि रहन्छ। आज जे छ जीवन त्यो मात्रै हो त्यसैले यसै जुनीमा कर्म गरेर सुखको जीवन जिउनुपर्छ। भ्रमको पछि लागेर अर्को दुनियाँ अर्को लोकको लोभमा यो जीवन बर्बाद गर्नु हुन्न भन्ने मान्यता राख्दै प्रमाण सिद्ध तथ्यमा विश्वास गरेर अलौकिकताको विरोध गर्नु ईश्वरको भ्रम छुटाएर वास्तविक जीवनमा सुख भोग नै चार्वाक दर्शनको मूल मान्यता हो।

ईश्वर भनेको प्रत्यक्ष प्रमाण विनाको अनुमान मात्र हो। कुनै पनि प्रत्यक्ष प्रमाणद्वारा ईश्वरको अनुभव वा बोध गर्न सकिदैन। न स्वर्ग छ, न मुक्ति वा मोक्ष न त परलोकमा रहने कुनै आत्मा नै छ, ईश्वर भनेको काल्पनिक शक्ति हो (भुसाल, २०६८, पृ. ९० )।

ईश्वर र आत्माको अस्तितत्त्वका सम्बन्धमा कुनै प्रमाण छैन। ठोस एवं प्रत्यक्ष प्रमाण हुने कुरै भएन। बौद्धिक चेतनाभन्दा ठूलो अरू कुनै प्रकारको अलौकिक चेतनाको अस्तितत्त्व छैन। यदि ईश्वरलाई विभिन्न मानवीय गुणहरूद्वारा युक्त भएको मानिन्छ भने त्यसको सर्वसत्ता नष्ट भएर जान्छ। किनभने ऊ पनि प्राकृतिक एवं मानवीय प्रपञ्चद्वारा घेरिएको हुन्छ त्यसबाट ईश्वरत्व सिद्ध हुँदैन (उपाध्याय, २०७०, पृ. ३६२ ) ।

चार्वाक दर्शनमा ईश्वरलाई कुनै स्थान छैन। यसले ईश्वरका पूर्ण निषेध गर्छ र त्यसको अनस्तितत्त्वलाई स्थापित गर्दछ। ईश्वर प्रत्यक्ष हुँदैन। त्यो देखिदैन छामिदैन, सुंघीदैन, सुनिदैन। न यसको रूप छ न आकार। यस्तो वस्तुको अस्तितत्त्वको खोज गर्नु आकाशको फल खोजे सरह हो (आचार्य, २०७३, पृ. १८८ )।

चार्वाक दर्शन भौतिकवादी दर्शन हो जसले ईश्वर, आत्मा, भूत, परमात्मा, स्वर्ग, नर्क, पनर्जन्म आदि कुराहरूलाई अस्वीकार गर्दै प्रत्यक्ष प्रमाणलाई मात्र मान्दछ। मृत्युपश्चात् मोक्ष प्राप्ति हुन्छ। बाँचुन्जेल सुखमय जीवन बाँच्नुपर्दछ। संसारमा बसुन्जेल सुखभोग गर्नुपर्छ। आफूले चाहेको इच्छा पूरा गर्नुपर्छ। जीवित रहुन्जेल चैतन्य जीवत रहन्छ त्यसैले शरीरमा चेतनाको उदयका निम्ति खानपान जरुरी हुन्छ र यो संसारमा भएका कुराहरूसँग नै प्रेम गर्नुपर्छ भन्ने जीवनवादी मत चार्वाक दर्शनले राख्दछ। माथि उल्लेख गरिएका विभिन्न परिभाषाहरूबाट चार्वाक दर्शनका मुख्य मान्यता र विशेषतालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क. भौतिकवादी मान्यता
ख. सुखवाद
ग. भोगवादी मान्यता
घ. अर्थ र काम
ङ. अनीश्वरवाद
च. जीवनवादी मान्यता
छ. पूर्वजन्म र पूनर्जन्मलाई अस्वीकार
ज.चेतना पदार्थको उपज हो
झ. आत्मा स्वतन्त्र छैन ।
ञ. कर्मफल पाइदैंन
ट. प्रत्यक्ष अनुभव मात्र ज्ञानको माध्यम हो

यस अध्ययनमा माथि उल्लेख गरिएका चार्वाक दर्शनसम्बन्धी पर्याधार र चार्वाक दर्शनका अन्तर्गत विशेषगरी भौतिकवादी मान्यता, सुखवाद, भोगवादी मान्यता, अर्थ र काम आदि मान्यता र विशेषताका आधारमा मधेसतिर कथाको विश्लेषण गरिएको छ ।

## ४. चार्वाक दर्शनका दृष्टिले मधेसतिर कथाको विश्लेषण

मधेसतिर कथामा आएका विधवा, बूढो, भोटे, गोरे र धनेजस्ता पात्रहरू सुखवादी पात्रका रूपमा आएका छन् । उनीहरू सुखको खोजीमा मधेसको यात्रमा लागेका छन् । जीवनमा दुःखको सागरबाट सुखको खोजीमा पात्रहरूका कार्यव्यापार भएको हुनाले चार्वाक मत अनुरूप सुखवादी प्रवृत्ति कथामा आएको छ ।

विधवाले भनिन् मेरो त मधेसमा गएर राम्ररी घरबार गरेर बस्ने इच्छा छ । सानो खेतीबारी गऱ्यो । वहाँ खेती गर्न सजिलो छ रे ! जग्गा पनि त्यसै पाइन्छ रे । यहाँ त सासुसुराका कचकचले अड्नै सकिएन ( श्रेष्ठ, २०६८ पृ. ६०) ।

कथामा आएका सबै पात्रहरू सुखको खोजीमा मधेस हिँडेका छन् । कथमा आएकी विधवा पात्रले घरबार गर्ने विचार राख्नु, सासुसुराको कचकच सहनुको सट्टा घर त्याग्नुजस्ता कार्य सुखको खोजीका लागि गरिएको कार्य हो । घरबार नभएका चारजना पुरुष सम्पत्ति सुखका लागि मधेस झरेका छन् भने विधवा शारीरिक सुख र आत्मिक प्रेमको खोजीमा मधेस झरेकी छ । चार्वाकवादी मतले लोकका मानिसहरू अर्थ र कामका निम्ति कार्य गर्दछन् भन्ने मान्यता राख्दछ । कथामा विधवामा गोरेसँगको मिलन सहितको कामेच्छा रहेको छ भने गोरेमा अर्थप्राप्तिको मात्र चाहना छ ः

> एउटाले अर्काको मनोभाव बुझ्ेजस्तो गरेर सबै मुखामुख गर्न लागे । विधवाको दृष्टि गोरेमाथि थियो (श्रेष्ठ, २०६८ पृ. ५९) ।
>
> गोरेलाई आफ्नो भागबाट चिउरा थपिदिँदै भनिन् । तिमी जवान छौ । तिमीलाई अरुभन्दा बढी भोक लाग्दो हो (श्रेष्ठ, २०६८ पृ. ५९) ।
>
> विधवाले भन्न थालिन् म मधेस गएर खेतीबारी गर्छु । घरबार गर्छु, तर स्वास्नी मान्छेले मात्र घरबार बनाउन सक्तैन, लोग्नेमानिस पनि चाहित्छ । मेरो मनमा त्यसै यो विचार आयो । किन हामी दुई जना

मिलेर घर नचलाऔँ (श्रेष्ठ, २०६८ पृ. ६१) ?

गोरे धेरै दिनदेखि आफ्नो घर बनाएर बस्ने इच्छा छ। पोइ चाँडै मरिदिए। आफ्नो इच्छा मुटुमै सुकेर जाला जस्तो भयो। के म छोराछोरी पाउन सक्तिनँ र ? खोइ मेरा छोरा छोरी ? खोइ मेरो आफ्नो घर ? खोइ मेरो आफ्नो मान्छे (श्रेष्ठ, २०६८ पृ. ६१) ?

माथिको कथांशमा विधवा पात्रमा गोरेको बलिष्ठ शरीर देखेपछि उसमा कामेच्छा जागृत भएको छ। पहिलो भेटमै विधवा गोरेसँग आकर्षित हुन्छिन्। आफ्नो भागको चिउरा र सख्खर पनि गोरेलाई दिन्छिन् र गोरेलाई आफूसँग विवाह गरेर घरबार गर्ने, सन्तान जन्माउने प्रस्ताव गर्छिन्। आफ्नो मरेको पतिले आफ्नो शरीर छुन पाएको छैन। मैले आफ्नो शरीरलाई जोगाएर राखेको छु भन्ने विधवाको भनाइबाट ऊ गोरेसँगको शरीरिक र आत्मिक प्रेमका निम्ति आतुर भएको स्पष्ट हुन्छ।

कथामा आएका अन्य पात्रहरू भोटे, बूढो र धने पनि धनकै खोजीमा मधेस पसेका छन् भने गोरे पात्रले धनका लागि उसले सँगै आएका साथीहरूलाई समेत वास्ता नगरी हिँडेको छ। पाप र धर्मको कुनै वास्ता नगरी विधवाको गहना चोरेर फरार भएको छ। “विधवाले रुन्चे स्वरले भनिन्। मेरो गहनाको पोको छैन। सबैजना छक्क परेर विधवातिर टुलुटुलु हेर्न थाले। बूढाले भन्यो। तिमी गहनागुरिया लिएर कहाँ हिँडेकी त ? लग्यो होला गोरेले। अब चोरिने कुरा चोरिइहाल्यो। रोएर के गर्नु (श्रेष्ठ, २०६८ पृ. ६२) ?” चार्वाक मतका अनुसार मानिसले काम र अर्थका निमित्त कार्य गर्नुपर्दछ। कथामा आएकी विधवाले सोही मतका अनुसार कामको चाहना गरेकी छिन्। कथामा आएको गोरे पात्रले पाप, धर्मको ख्याल नगरी अर्थार्जनका निम्ति चोरी गरेको छ। कथामा आएको बूढो पात्र भोगवादी पात्रका रूपमा आएको छ। कथामा आएको ‘उसले एकचोटी खुब पैसा कमायो। सत्र रोपनी खेती गर्थ्यो। पछि त्यसै विग्रेर गयो’ (श्रेष्ठ, २०६८ पृ. ६०)। भन्ने भनाइ चार्वाकवादी मतबाट प्रेरित छ। आफ्नो सम्पत्ति बेचेर भएपनि जीवन सुखले बाँचेको सङ्केत छ। भविष्यको बारेमा सोच्ने जस्ता कार्य नगरी ऊ वर्तमानमा बाँचेको छ र बूढोमा भोगवादी प्रवृत्ति रहेको छ।

कथामा आएको सुनकोशी र तामाकोशीको परिवेशले पनि गरिब नागरिकहरूका धनप्राप्तिको अपेक्षा बिम्बात्मक रूपमा आएको छ। कथामा आएका पात्रहरू र उनीहरूले गरेका कार्यव्यापारले चार्वाक दर्शनका मान्यतालाई पुष्टि गरेको छ।

**५. निष्कर्ष**

आख्यानकार विश्वेश्वर कोइराला (१९७१-२०३९) मूलतः मनोवैज्ञानिक कथाकार हुन्। यौन मनोविज्ञान, नारी मनोविज्ञान र समाज मनोविज्ञान कोइरालाका आख्यानहरूमा देखा पर्दछ।

वैदिक दर्शन अन्तर्गत साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शन पर्दछन् भने अवैदिक दर्शन अन्तर्गत जैन, बौद्ध र चार्वाक दर्शन पर्दछन्। चार्वाक दर्शनलाई लोकायत पनि भनिन्छ। यो दर्शन वेद्धान्त दर्शनको विरुद्धमा उभिएको दर्शन हो। भौतिकवादी मान्यता, सुखवाद, भोगवादी मान्यता, अर्थ र काम, अनीश्वरवाद, जीवनवादी मान्यता, पूर्वजन्म र पूनर्जन्मलाई अस्वीकारजस्ता मान्यता चार्वाक दर्शनले अङ्गालेको छ। ती मान्यताहरूमध्ये भौतिकवादी मान्यता, सुखवाद, भोगवादी मान्यता, अर्थ र काम आदि मान्यता र विशेषताका आधारमा मधेसतिर कथाको विश्लेषण गरिएको छ।

यस अध्ययनमा मधेसतिर कथामा आएका पात्रहरू विधवा, गोरे, धने र भोटेका कार्यव्यापार हेर्दा उनीहरू लोकायत दर्शनका मान्यताबाट प्रभावित देखिएका छन् । उनीहरूले राखेको जीवन जगत्प्रतिको दृष्टिकोण, विधवाको शारीरिक तथा मानसिक सुखप्राप्तिको चाहना, गोरेले पापधर्मको चेष्टा नगरी गरेको चोरी, भोटे र धने सुख खोज्न मधेस भरेको प्रसङ्ग आदि घटनाक्र यस कथालाई चार्वाकवादी मान्यताबाट हेर्ने उपयुक्त आधार हो । मधेसतिर कथामा प्रयोग भएका पात्र, पात्रबोली र पात्रका कार्यव्यापारले चार्वाक दर्शनका सबै विशेषतालाई समेट्न नसके तापनि यसका मान्यताका केही कोणबाट अध्ययन गर्न उपयुक्त देखिएको छ ।

**सन्दर्भसामग्री सूची**


आचार्य, नारायणप्रसाद ( २०७३ ). पौरस्त्य दर्शनमा भौतिकवाद . काठमाडौँ : नेपाल प्रज्ञा- प्रतिष्ठान ।

उपाध्याय, गोपीरमण ( २०७०). प्राकृतिक भौतिकवाद. काठमाडौँ : नेपाल प्रज्ञा- प्रतिष्ठान ।

जि.सी., अशोकविक्रम, (२०७८). साङ्ख्य दर्शन र मार्क्सवाद. काठमाडौँ : नेपाल प्रज्ञा - प्रतिष्ठान ।

ढकाल, प्रमोद ( २०७६ ). पूर्वीय दर्शनको पूनर्व्याख्या. काठमाडौँ : बिग फ्यामिली भेन्चार्स्

पन्त, दिनेशराज र विष्णु प्रभात (२०७३). दर्शनावाली. सम्पा. काठमाडौँ : नेपाल प्रज्ञा- प्रतिष्ठान ।

भुसाल, वेदुराम ( २०६८ ). नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू. काठमाडौँ : नेपाल प्रज्ञा- प्रतिष्ठान ।

राई, भक्त. (२०७४). पूर्वीय दर्शन. काठमाडौँ : नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

श्रेष्ठ, दयाराम (२०६८).नेपाली कथा भाग ४ (सम्पा).पुल्चोक ललितपुर : साझा प्रकाशनको छापाखाना ।

हरिभद्रसुरि. (२०७३ ). षडदर्शन समुच्चय (अनु). गोपीरमण उपाध्याय). काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।